अर्जुनचौपारी गाउँपालिका

Arjunchaupari Rural Municipality

# गाउँ कार्यपालिकाको कार्यालय

Office of Rural Municipal Executive

अर्जुनचौपारी, स्याङ्जा

Arjunchaupari, Syangja

गण्डकी प्रदेश, नेपाल

Gandaki Province, Nepal


प.सं.(Reference No): ०८०।८१

च.नं.(Dispatch No):-

मिति:२०८१।०२।१७

## प्रेस विज्ञप्ती

आज मिति २०८१।०२।१७ यस अर्जुनचौपारी गाउँपालिकाको ३० औं कार्यपालिकाको बैठकबाट निर्णय भएका मुख्य मुख्य निर्णयहरु तपशिल बमोजिम रहेको अर्जुनचौपारी गाउँपालिकावासी सर्वसाधारणको जानकारीको लागि यो विज्ञप्ती प्रकाशित गरिएको छ।

**निर्णय नं. १** चालु आर्थिक वर्ष २०८०/०८१ को गाउँसभाबाट पारित भई निर्माणाधिन अवस्थामा रहेका सम्पूर्ण योजना/कार्यक्रमहरु मिति २०८१/०३/१५ गते भित्र निर्माण सम्पन्न गरी उपभोक्ता समितिहरुलाई भुक्तानीको प्रकृया अगाडी बढाउने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. २** अर्जुनचौपारी गाउँपालिकाको १५ औं गाउँअधिवेशन मिति २०८१/०३/०३ गतेका दिन भव्य र सम्व रुपमा सम्पन्न गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ३** अर्जुनचौपारी गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम निर्माणको लागि अर्जुनचौपपरी गाउँपालिका भित्रका सरोकारवाला निकाय/व्यक्तिहरु सँग आवश्यक सुझाव संकलन गरी नीति तथा कार्यक्रमको खाका तयार गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ४** अर्जुनचौपारी गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८१/०८२ को बजेट निर्माण गर्नको लागि विषयगत समितिको बैठक बसी बजेट निर्माणको खाका तयार गर्न सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ५** अर्जुनचौपारी गाउँपालिकाले आयोजना गरेको स्वास्थ्य शिविरमा अधिकांश बालबालिकाको दाँतमा समस्या देखिएको साथै पोषणको अवस्था पनि गम्भिर देखिएको हुँदा स्वास्थ्यमा असर पार्ने अखाद्य मिठाई बेचबिखनमा प्रतिबन्ध लगाउने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ६** अर्जुनचौपारी गाउँपालिका भित्रका सम्पूर्ण वडामा जग्गा वर्गीकरण सम्वन्धि कार्य सम्पन्न भएकोमा केही वडाहरुमा जग्गा वर्गीकरण हुन छुट भएकोमा छुट भएका जग्गाहरुलाई वर्गीकरणको लागि सम्वन्धीत निकायमा पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ७** अर्जुनचौपारी गाउँपालिका वडा नं. १ निवासी कार्यपालिका सदस्य श्री राम बहादुर घर्तिले व्यक्तिगत कारण देखाइ मिति २०८१/०२/०१ गते देखि लागू हुने गरी कार्यपालिका सदस्यबाट दिनुभएको राजिनामा सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ८** अर्जुनचौपारी गाउँपालिका भित्रका खानेपानी सरसफाई तथा स्वच्छता सूचना व्यवस्थापन प्रणालीको डाटा लिने कामको लागि प्रदेश सरकारबाट प्राप्त भएको रकमबाट डोर हाजिरीमा कामकाज गर्ने गरी पुतलीबजार नगरपालिका वडा नं. १३ निवासी विश्वास पराजुलीलाई खटाउने साथै नेपाल खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी मार्ग निर्देशीका स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो।

धन बहादुर गुरुङ्ग
गाँउपालिका प्रवक्ता

धन बहादुर गुरुङ
प्रवक्ता